PAN No.: 500019629 Regd No. 127968/071/072

हिमालय उर्जा विकास कम्पनी लिमिटेड
Himalaya Urja Bikas Company Limited
Upallo Khimti (12MW) & Upper Khimti -II (7MW) Hydropower Project

च.नं.१००-०८१।८२

मितिः २०८१/०९/०२

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।

**विषयः कम्पनीको तेइसौं र चौविसौं संयुक्त वार्षिक साधारण सभा गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा, यस कम्पनीको मिति २०८१।०९।०२ गतेका दिन दिउँसो ३:१५ बजे बसेको सञ्चालक समितिको ११७ औं बैठकको निर्णय अनुसार यस कम्पनीको तेइसौं र चौविसौं संयुक्त वार्षिक साधारण सभा मिति २०८१ पौष २६ गते, शुक्रबारका दिन विहान ११:०० बजे अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौंमा गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागी अनुरोध छ। साथै यस सम्बन्धी सूचना मिति २०८१।०९।०३ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रकाशित हुने र सो सूचनाको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

**संलग्नः**

१. वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी ।

Himalaya Urja Bikas Company Ltd. Estd: 2014

नवराज भण्डारी
(कम्पनी सचिव)

**बोधार्थः**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
२. श्री नविल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं ।

Central Office: Kathmandu-32, Tinkune. Phone No.: +977-1-4111853/4111674
Site Office: Gokulganga-1, Ramechhap, Phone No.:+977-1-6220004
Email: himalenergy@gmail.com
Website: www.himalurja.com

# हिमालय उर्जा विकास कम्पनी लिमिटेड
# Himalaya Urja Bikas Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ३२, सुबिधानगर, तिनकुने, फोनः ०१-४१११८५३/४१११६७४
इमेलः himalenergy@gmail.com; info@himalurja.com वेभसाईटः www.himalurja.com


## तेइसौं र चौविसौं संयुक्त वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०३ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको मिति २०८१ पौष ०२ मा बसेको सञ्चालक समितिको ११७ औं बैठकको निर्णयअनुसार कम्पनीको तेइसौं र चौविसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**सभा हुने मिति** : २०८१ साल पौष २६ गते (१० जनवरी, २०२५) शुक्रबार
**सभा शुरु हुने समय** : बिहानको ११:०० बजे ।
**सभा हुने स्थान** : अर्पण बैंक्विट, थापागाऊँ, नयाँबानेश्वर, काठमाण्डौं ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१ को संयूक्त वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० र २०८०/०८१ को वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा।
३. आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक सम्बन्धमा।
४. सञ्चालकहरुको बैठक भत्ता, पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा।
५. सञ्चालकको निर्वाचन सम्बन्धमा।

**ख. विविध।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभासम्बन्धी अन्य जानकारीः**

१. साधारणसभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८१।०९।१२ गतेलाई मानिएको छ ।
२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१।०९।११ गतेसम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरू मात्र सभामा भाग लिन तथा मतदानका लागि योग्य हुनेछन् ।
३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ।
५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुनेछ।
६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ। यस्तो प्रोक्सी फाराम साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नुपर्ने छ। तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ।
७. सञ्चालकहरुको निर्वाचन कार्यक्रम तालिका साधारण सभाको मिति भन्दा ७ दिन अगावै निर्वाचन अधिकृतको कार्यालय/कम्पनीको रजिष्टर्ड कार्यालय सुविधानगर, तिनकुने, काठमाण्डौको सूचनापाटीमा प्रकाशित गरिनेछ।
८. कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरू विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्ने छ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ।
९. साधारणसभा सम्बन्धी थप जानाकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.-३२, सुविधानगर, तिनकुने, काठमाडौंमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै थप जानकारी कम्पनीको वेबसाइट www.himalurja.com बाट प्राप्त गर्न सक्नुहुनेछ।

Himalaya Urja Bikas Company Ltd. Estd: 2014